# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः १६, फागुन २३ गते, २०७९ साल**


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग २

## व्यास नगरपालिका सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।११।२३

**प्रस्तावनाः** सहकारी संस्थाको प्रवर्द्धन तथा व्यवसाय विस्तारका लागि व्यास नगरपालिकाबाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकाले, सहकारी ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १
### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ रहने छ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२ **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "आयोजना" भन्नाले अनुसूची २ बमोजिम संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले व्यास नगरपालिकाको सहकारी ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "प्रस्ताव मूल्याङ्कन समिति" भन्नाले दफा १३ को उपदफा (४) बमोजिम तोकिएको प्रस्ताव मूल्यांकन समिति सम्झनु पर्छ ।

(ङ) "विनियम" भन्नाले संघ वा संस्थाको विनियम सम्झनु पर्छ ।

(च) "सहकारी खेती" भन्नाले संस्थाले बहुवर्षीय रुपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरुलाई प्रत्यक्ष संलग्न गराएर सामुहिक वा व्यक्तिगत प्रयासमा सञ्चालन गरिने खेती सम्झनु पर्छ । सो शब्दले सामूहिक प्रयासमा गरिने पशुपालन, रेशम खेती, मौरीपालन, कुखरापालन जस्ता व्यवसाय समेत सम्झनु पर्छ ।

(छ) "सञ्चालक समिति" भन्नाले संस्थाद्वारा गठित समिति सम्झनु पर्छ ।

(ज) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्छ ।

(झ) "सिमान्तकृत समुदाय" भन्नाले आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पछाडि परेका तथा विविध कारणले सेवा तथा सुविधा उपभोग गर्न नसकेका समुदाय तथा मानव विकास सूचकांकमा न्यूनस्तरमा रहेका समुदाय वा परिवार सम्झनु पर्छ ।

(ञ) "संस्था" भन्नाले प्रचलित सहकारी कानुन बमोजिम दर्ता भई नियमित सञ्चालनमा रहेको प्रारम्भिक सहकारी संस्था सम्झनु पर्छ ।

(ट) "दर्ता गर्ने अधिकारी" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ठ) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ड) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद २
## अनुदान सम्बन्धी व्यवस्था

**३. अनुदानको प्रकार** : (१) नगर स्तरीय सहकारी संस्थाहरुलाई आयोजना सञ्चालन गर्न देहाय बमोजिमको अनुदान प्रदान गर्न सकिनेछ ।

(क) बिउपूँजी अनुदान,

(ख) पूँजीगत अनुदान

(ग) कार्यक्रम अनुदान

(२) उपदफा (१) बमोजिम प्रत्येक शीर्षकमा प्रदान गरिने वित्तीय अनुदान रकमको अधिकतम सीमा नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान दिंदा देहायका संस्थाको देहाय बमोजिमका आयोजनाका लागि प्रदान गर्न सकिने छ ।

(क) श्रमिक भूमिहिन कृषक, सिमान्तकृत समुदाय सम्मिलित संस्था वा महिलाद्वारा सञ्चालित संस्थाले आफ्ना सदस्यहरूलाई सामुहिक वा व्यक्तिगत रूपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारका अवसर दिलाउने आयोजना,

(ख) संस्थाले कम्तिमा तीन वर्षको लागि भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

(ग) संस्थाले आफ्ना सदस्यहरूको उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने आयोजना,

(घ) संस्थाले आफ्ना सदस्यहरूलाई अत्यावश्यक दैनिक उपभोग्य बस्तुहरुको संकलन तथा बिक्री वितरण गर्ने आयोजना,

(ङ) संस्थाले एकल वा सामूहिक रुपमा सञ्चालन गर्ने पशुपंछी पालन, डेरी उद्योग, शितघर, हरितगृह, खाद्य भण्डार, बिउ बिजन प्रशोधन उद्योग, बहुउद्देश्यीय कोल्ड च्याम्बर, तेल, चामल, दाल प्रशोधन तथा प्याकिङ उद्योग,

(च) उत्पादनमा आधारित नमूना सहकारी संस्थालाई प्रोत्साहन गर्ने व्यवसाय प्रवर्द्धन तथा विकासका लागत अनुदान ।

(४) यस उपदफा बमोजिम उपलब्ध गराएको बिउपूँजी र पूँजीगत अनुदान सम्बन्धित संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम व्यवसाय सञ्चालनमा खर्च व्यहोर्ने गरी उपयोग गर्नु पर्नेछ । तर यस्तो अनुदानबाट प्रशासनिक खर्च गर्न पाइने छैन ।

४. **बिउपूँजी अनुदान प्रदान गर्न सकिने अवस्था** : (१) बिउपूँजी उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याका आधारमा प्रति सदस्य पचास हजार रुपैयाँ वा पाँच लाख रुपैयाँ मध्ये जुन घटी हुन्छ, सो रकम त्यस्तो संस्थालाई प्रदान गर्न सकिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित तथा सिमान्तकृत समुदायद्वारा सञ्चालित संस्थाहरुको हकमा प्रति सदस्य पचहत्तर हजार वा कूल सात लाख रुपैयाँ मध्ये जुन घटी हुन्छ, सो रकम त्यस्तो संस्थालाई उपलब्ध गराउन सकिने छ ।

५. **पूँजीगत अनुदान उपलब्ध गराउन सकिने** : (१) कार्यालयले दफा ३ को उपदफा (३) (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित आयोजना सञ्चालन गर्न नगर स्तरीय सहकारी संस्थालाई पूँजीगत अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) आयोजनाको कूल लागतमा पूँजीगत अनुदानको सीमा बढीमा ५० प्रतिशतसम्म हुनेछ ।

(३) आयोजनाको कूल स्थिर पूँजी पाँच लाख रुपैयाँसम्म भएका आयोजनाको सम्झौता भएको मितिले तीन महिना भित्रमा कार्य सञ्चालनमा आउनु पर्नेछ । एक वर्षभन्दा बढी अवधि लाग्ने प्रकृतिका आयोजना बहुवर्षीय रुपमा स्वीकृत गर्न सकिनेछ । बहुवर्षीय आयोजनाको सञ्चालन अवधि सम्झौता भएको मितिले तीन वर्षसम्मको लागि हुनेछ ।

६. **कार्यक्रम अनुदान उपलब्ध गराउन सक्ने** : नगरपालिकामा सेवा प्रदान गरेका नगरपालिकामा दर्ता भएका सहकारी संस्थालाई वार्षिक बजेट र कार्यक्रममा समावेश गरी कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराउन सकिनेछ । यस बमोजिम उपलब्ध गराइने अनुदानको रकम र प्रयोजन वार्षिक स्वीकृत कार्यक्रम बमोजिम हुनेछ । यसरी प्रदान गरिने अनुदानको लेखापालन उपयोग लेखापरीक्षण र प्रगति प्रतिवेदनका शर्तहरु समेत सम्झौतामा व्यवस्था गरिने छ ।

७. **आफ्नो श्रोतको उपयोग गर्नु पर्ने** : आयोजनाको सम्झौता अनुसार संस्थाले व्यहोर्नुपर्ने रकम संस्थाको आन्तरिक श्रोतबाट नै व्यहोर्नु पर्नेछ । सदस्यको बचत रकमबाट आयोजनाको लागि श्रोत उपयोग गर्न पाइने छैन ।

८. **व्यवसाय प्रवर्द्धन तथा विकासका लागि अनुदान उपलब्ध गराउन सक्ने** : उत्पादनमा जोड दिने सदस्य केन्द्रीत सहकारी संस्थालाई प्रोत्साहन गर्न व्यवसाय प्रवर्द्धन तथा विकासका लागि अनुदान उपलब्ध गराउन सकिनेछ र यसरी अनुदान दिंदा सूचकका आधारमा नमूना सहकारी संस्था छनौट गरी उपलब्ध गराइने छ ।

९. **सदस्य केन्द्रीत भई व्यवसाय सञ्चालन गर्नु पर्ने** : (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भएसम्म देहाय बमोजिम सदस्य केन्द्रीत भई व्यवसाय सञ्चालन भएको हुनु पर्नेछ ।

(क) उत्पादनमूलक संस्थाले अनिवार्य रुपमा सदस्यहरुको उपज खरिद गर्नु पर्ने ।

(ख) उपभोक्ता संस्थाले सदस्यहरुलाई आवश्यक वस्तु वा सेवा मात्र बिक्री गर्नु पर्ने ।

(ग) रोजगारमूलक संस्थाले सदस्यहरुलाई मात्र रोजगार दिएको हुनु पर्ने ।

(२) प्रशोधन तथा प्याकेजिङको काम गर्दा आफ्ना सदस्यबाट उत्पादित उत्पादनले मात्र उद्योग सञ्चालन हुन नसक्ने भएमा संस्थाले बजारबाट सामान खरिद गरी प्रशोधन तथा प्याकेजिङ गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**१०. <u>अनुदान उपलब्ध नगराइने</u>** : (१) देहायको अवस्था भएमा संस्थालाई अनुदान उपलब्ध गराइने छैन :

(क) वार्षिक साधारण सभा समयमा सम्पन्न नगरको ।

(ख) सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको समयमा निर्वाचन नगराएको ।

(ग) नियमित रुपमा वार्षिक लेखापरीक्षण प्रतिवेदन नगराएको ।

(घ) लेखा सुपरिवेक्षण समितिले दिएका सुझावहरु कार्यान्वयन नगरेको ।

(ङ) समय समयमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको ।

(च) कार्यक्षेत्र भन्दा बाहिर गएर संस्था सञ्चालन गरेको ।

(छ) स्वीकृति नलिई सेवा केन्द्र सञ्चालन गरेको ।

(ज) विज्ञापन गरी बचत तथा ऋणको कारोवार गरेको ।

(झ) कर चुक्ता प्रमाणपत्र नलिएको ।

(ञ) नियमनकारी निकायहरुले दिएका सुझावहरु पालना नगरेको ।

(२) बचत तथा ऋणको कार्य गर्ने उद्देश्यले दर्ता गरी सञ्चालनमा रहेको संस्थाले बिउपूँजी अनुदान र पूँजीगत अनुदान प्राप्त गर्ने छैन ।

**११. <u>सूचना प्रकाशन गर्ने</u>** : (१) प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र कार्यालयले अनुदानका लागि प्रस्ताव पेश गर्न कम्तिमा पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्याप्त प्रस्ताव पेश हुन नआएमा पुनः दोश्रो पटक सात दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

**१२. <u>दरखास्त पेश गर्नु पर्ने</u>** : (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायको कागजात तथा विवरण संलग्न गरी अनुसूची १ बमोजिमको ढाँचामा कार्यालयमा प्रस्ताव निवेदन दिनु पर्नेछ :

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षणको प्रतिवेदनको प्रतिलिपि,

(घ) कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि,

(ङ) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरेको निर्णयको प्रतिलिपि, तर तोकिएको समयमा साधारण सभा हुन नसकेको मनासिब कारण सहित सञ्चालक समितिबाट स्वीकृत गरी पेश भएको आयोजना प्रस्ताव छनौट भएमा साधारण सभाबाट निर्णय गराई सोको प्रतिलिपि पेश गर्नु पर्नेछ,

(च) सञ्चालक समितिका पदाधिकारीहरुको नाम, ठेगाना, सम्पर्क नं. खुलेको विवरण,

(छ) २० लाख रुपैयाँ वा सोभन्दा बढीको कूल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ज) जग्गा प्राप्त गर्नु पर्ने भएमा कम्तिमा पाँच वर्षको सम्झौता भएको कागज,

(झ) आयोजनाका लागि संस्थाको तर्फबाट व्यहोर्ने श्रोतको पुष्टि र संस्थागत कोषको अवस्था,

(ञ) अनुसूची २ बमोजिम आयोजना प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका आवेदन सहितको विवरण रितपूर्वक भए नभएको हेरी रितपूर्वकको भएमा दर्ता गरी निस्सा दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण रितपूर्वक नभएमा सम्बन्धित संस्थालाई जानकारी गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता हुन आएका प्रस्ताव सहितको आवेदन प्रस्ताव मूल्याङ्कन समितिको रुपमा नगरपालिकाको आर्थिक विकास समितिले मूल्याङ्कन गरी दर्ता गर्ने अधिकारी समक्ष पेश गर्ने र दर्ता गर्ने अधिकारीबाट अन्तिम स्वीकृतिको लागि कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

(५) मूल्यांकन प्रयोजनका लागि अनुसूची ३ बमोजिम प्रारम्भिक छानविन गर्नु पर्नेछ । मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले स्वीकृत बजेट सीमा भित्र रही अनुसूची ४ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ ।

(६) प्रस्ताव मूल्याङ्कन समितिले आयोजना प्रस्तावको मूल्याङ्कन गर्दा व्यवसायिक उद्देश्य सदस्य केन्द्रीयता, क्षमता उपयोग, संस्थाको स्रोत योगदान लगायतका पक्षमा देखिएको शर्त पुरा भएपछि मात्र सम्झौता गर्ने गरी आयोजनाको नाम, कूल लागत, स्थिर पूँजी र अनुदान रकम समेत स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ ।

(७) मूल्याङ्कन समितिले अनुदान रकम सिफारिस गर्नु पूर्व आयोजनाको स्थलगत निरीक्षण गरी आवश्यक ठानेमा सिफारिस गर्न सक्नेछ ।

(८) मूल्याङ्कन समितिले कुनै शर्त तोकेको भए सो समेतका आधारमा मूल्यांकन गर्नु पर्नेछ ।

(९) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावलाई ३० दिन भित्रमा मूल्यांकन गरिसक्नु पर्नेछ ।

**१३. <u>आयोजना प्रस्तावको स्वीकृति</u> :** (१) दफा १३ को उपदफा (४) बमोजिम प्रस्ताव मूल्याङ्कन सिफारिस समितिको सिफारिस सहित प्रस्ताव स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्ताव उपयुक्त देखेमा दर्ता गर्ने अधिकारीले स्वीकृतिका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

**१४. <u>जानकारी दिनु पर्ने</u> :** (१) आयोजना प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित संस्थालाई जानकारी दिनु पर्नेछ । कार्यालयले अन्य माध्यमबाट समेत अनुदान स्वीकृतिको सूचना सम्प्रेषण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तिमा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र सम्झौता गर्न नआउने प्रस्तावक संस्थाको प्रस्ताव स्वतः रद्द भएको मानिने छ । तर कावु बाहिरको कुनै विशेष अवस्था परी म्यादभित्र सम्झौता गर्न नसकेको भए म्याद नाघेको सात दिन भित्र सम्झौता गर्न बाधा परेको मानिने छैन ।

१५. **सम्झौता गर्नु पर्ने** : यस कार्यविधि बमोजिम संस्थालाई अनुदान प्रदान गर्दा अनुसूची ५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

१६. **सम्झौता भएका आयोजनाको बाँकी रकम निकासा हुन सक्ने** : (१) बहुवर्षीय आयोजना वा यस कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडिदेखि सम्झौता भई कार्य शुरु भएका तर सम्पन्न हुन नसकेका आयोजनाहरुको हकमा कार्यसम्पन्न हुन बाँकी भएको वा रकम भुक्तानी हुन बाँकी रहेको भए कार्यसम्पन्न प्रतिवेदनको आधारमा नगरपालिकाको निर्णयबाट बाँकी रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

(२) सम्झौता भई विविध कारणले कार्य सम्पन्न हुन नसकेका वा पूर्व सम्झौता बमोजिमको आयोजनालाई प्रभावकारी बनाउन साविक संरचनामा थप विस्तार गर्नु पर्ने भई सञ्चालक समितिको निर्णय समेतको आधारमा पूँजीगत अनुदान उपलब्ध गराउन सकिने छ ।

१७. **निकासा विधि** : (१) यस कार्यविधि बमोजिम सम्झौता पश्चात् संस्थालाई आयोजना सञ्चालनको लागि स्वीकृत लागत अनुमान, ड्रईङ र स्पेसिफिकेशन समेतको आधारमा बढीमा चालिस प्रतिशतसम्म पेश्की रकम निकासा गर्न सकिने छ ।

(२) आयोजना सम्पन्न भई देहायका कागजात पेश भएपछि बाँकी रकम निकासा दिन सकिने छ :

(क) संस्थाको सञ्चालक समितिको निर्णय समेतको निवेदन,
(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ग) स्वीकृत लागत अनुमान, ड्रईङ, डिजाइन, स्पेसिफिकेशन बमोजिम कार्य सम्पन्न प्रतिवेदन ।
(घ) पूँजीगत निर्माण सुधारको हकमा प्राविधिक जाँच सहितको मूल्यांकन प्रतिवेदन ।
(ङ) आम्दानी खर्चको प्रतिवेदन,
(च) आयोजना सम्पन्न भएको तस्विर

१८. **सार्वजनिक खरिद सम्बन्धी कानुन पालना गर्नु पर्ने** : यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनको पालना गर्नु पर्नेछ ।

१९. **प्रतिवेदन दिनु पर्ने** : संस्थाले यस कार्यविधि बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेका कार्यक्रम योजना आयोजना सम्बन्धी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२०. **अनुगमन गर्नु पर्ने** : कार्यविधि बमोजिम अनुदान प्राप्त आयोजनाको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

२१. **अनुदान रोक्का गर्न सक्ने** : (१) दफा २० बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त गरेको वित्तीय अनुदानको उपयोगको सिलसिलामा सम्झौताको कुनै शर्त पालना नगरेको पाइएमा अनुगमन प्रतिवेदनको आधारमा समय तोकि देहाय बमोजिम गर्नु पर्नेछ :

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,
(ख) अधुरो निर्माण पुरा गर्न लगाउने
(ग) सम्झौताको शर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिमको अवधिमा उल्लेखित व्यवस्थामा आवश्यक सुधार गर्नका लागि कार्यालयले अवधि तोकि निकासा हुन बाँकी रकमको निकासा रोक्का राख्न सक्नेछ ।

२२ **असुल उपर गर्ने** : दफा २० बमोजिम अनगुमन गर्दा दफा २१ बमोजिमको किस्ता रकम रोक्का राखिएको अवधिसम्ममा नगरेमा वा यस कार्यविधि बमोजिम संस्थालाई प्रदान गरिएको वित्तीय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गराएको पाइएमा प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ ।

२३. **सफाई पेश गर्ने मौका दिनु पर्ने** : दफा २१ बमोजिम अनुदान रोक्का राख्दा वा दफा २२ बमोजिम रकम असुल गर्दा सम्बन्धित संस्थालाई सफाई पेश गर्न मनासिब माफिकको समय दिइने छ ।

परिच्छेद ३

विविध

२४. **वित्तीय अनुदानको लेखापरीक्षण** : (१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण सहकारी ऐन, २०७४ मा व्यवस्था भए बमोजिम गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको स्रेस्ता तथा विल भरपाईहरू यस कार्यविधि बमोजिम अलग्गै रूपमा सुरक्षित गरी राख्नु पर्नेछ ।

२५. **साधारण सभालाई जानकारी गराउनु पर्ने** : यस कार्यविधि बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभालाई सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ ।

२६. **विवरण सार्वजनिक गर्नु पर्ने** : संस्थाले जुनसुकै श्रोतबाट प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन समेत खुलेको विवरण आयोजना स्थलमा र खर्चको विवरण संस्थाको कार्यालयमा स्पष्ट देख्न पढ्न सक्ने गरी सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ । यसरी विवरण खुलाउँदा संस्थाको श्रोत रकम र अनुदानको रकम समेत खुलाउनु पर्नेछ ।

२७. **प्रतिवेदन सार्वजनिक गर्नु पर्ने** : कार्यालयले अनुदानको विवरण समेत देखिने गरी यसको प्रतिफल समेतको प्रगति विवरण सार्वजनिक गर्नु पर्नेछ ।

२८. **बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्ने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा कार्यालयले आवश्यक व्यवस्था गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२९ **संशोधन र हेरफेर** : यस कार्यविधिमा समयानुकुल संशोधन गर्न आवश्यक परेमा कार्यपालिकाको बैठकबाट संशोधन र हेरफेर गर्न सक्नेछ ।

अनुसूची १
(दफा १२ उपदफा (१) सँग सम्बन्धित)
प्रस्ताव निवेदनको ढाँचा

मितिः .

श्री दर्ता गर्ने अधिकारीज्यू,
व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
दमौली तनहुँ ।

विषय : वित्तीय अनुदानका लागि प्रस्ताव पेश गरेको ।

प्रस्तुत विषयका सम्बन्धमा तहाँ कार्यालयको मिति ................. मा प्रकाशित सार्वजनिक सूचना अनुसार वित्तीय अनुदानमा .......................... आयोजना सञ्चालन गर्ने बारे यस संस्थाको मिति ................. मा बसेको साधारण सभाबाट निर्णय भएको र सोही अनुसार सञ्चालक समितिको मिति .......................... मा बसेको बैठकको निर्णयबाट यस संस्थाले तपसिल अनुसारका विवरण सहित वित्तीय अनुदानका लागि प्रस्ताव पेश गरेको छ । नगरपालिकाले तोकेको मापदण्ड अनुसार यस संस्थाले काम कारवाही गर्दै आएको र उपर्युक्त आयोजना सञ्चालन गर्न योग्य भएको हुँदा यस संस्थाको नाममा अनुदान उपलब्ध गराई दिनुहुन अनुरोध छ । संस्थाले प्राप्त गरेको अनुदान नगरपालिकाको शर्त तथा बन्देजहरु भित्र रही सही सदुपयोग गरिने व्यहोरा समेत प्रतिवद्धता गर्दछु ।

तपसिल :
सहकारी संस्थाको नाम :
ठेगाना :
दर्ता नं. :
दर्ता मिति :
कूल शेयर रकम :
संस्थाको जगेडा कोष :
प्राथमिक कोषको रकम :

संस्थाको तर्फबाट
नाम थर :
पद :
दस्तखत :
सम्पर्क नं. :
मिति :

अनुसूची २

(दफा १२ को उपदफा (१) (ञ) सँग सम्बन्धित)

आयोजना प्रस्तावको ढाँचा

१. संघ/संस्थाको नाम : ..............................................................................

२. ठेगाना : व्यास न.पा. : वडा नं. : गाउँ/टोल :

३. दर्ता नं. : ..................... दर्ता मिति : .................................

४. आयोजनाको नाम :

५. आयोजनास्थल प्रदेश : गण्डकी, जिल्लाः तनहुँ, स्थानीय तहः व्यास नगरपालिका वडा नं.

६. आयोजना प्रारम्भ हुने समय :

७. आयोजना सम्पन्न हुने समय :

८. प्रस्तावित आयोजनाको कूल लागत : रु. ....................................

-अनुदानबाट व्यहोर्ने :

-सहकारीको श्रोतबाट व्यहोर्ने :

-अन्य दातृ निकायबाट व्यहोर्ने :

९. संस्थाको लागत व्यहोर्ने स्रोत :

(क) शेयर रकमबाट रु. ....................

(ख) जगेडा कोषबाट रु. ....................

(ग) अन्य कोषबाट रु. ....................

(घ) सदस्य लागत सहभागिताबाट रु. ......................

१०. नेपाल सरकारको अन्य निकायबाट सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन गरेको भए खुलाउने ............................................

११. सदस्य सहभागिताको अवस्था वर्गीकरण :

(क) साधारण सदस्य जम्मा संख्या : महिला : पुरुष : अन्य :

(ख) दलित : जनजाति : खस आर्य : अन्य :

१२. सञ्चालक समितिको संख्या :

(क) जम्मा : महिला : पुरुष : अन्य :

(ख) दलित : जनजाती : खस आर्य : अन्य :

१३. आयोजनाबाट प्रत्यक्ष लाभान्वित संख्या :

(क) जम्मा : महिला : पुरुष : अन्य :

(ख) दलित : जनजाती : खस आर्य : अन्य :

१४. आयोजनाबाट हुने रोजगारी :

(क) प्रत्यक्ष रोजगारी

(ख) अप्रत्यक्ष रोजगारी

१५. सेवामा सदस्य केन्द्रीयता विवरण : खरिद बिक्रीमा

| विवरण | | हालको अवस्था | | कार्यान्वयन पछिको अवस्था | |
|---|---|---|---|---|---|
| | | रु.हजारमा | प्रतिशत | रु.हजारमा | प्रतिशत |
| कच्चा पदार्थ खरिद | सदस्यबाट खरिद | | | | |
| | गैह्र सदस्यबाट खरिद | | | | |
| | बजारबाट खरिद | | | | |
| उत्पादित तयारी | सदस्यलाई | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| वस्तु बिक्री | गैह्र सदस्यलाई | | | | |
| | बजारमा बिक्री | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

१६. सदस्य केन्द्रीयता रोजगारीको अवस्थामा :

| रोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भए पछिको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य | गैर सदस्य | जम्मा | सदस्यको प्रतिशत | सदस्य | गैर सदस्य | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष (दैनिक ८ घण्टा) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| ज्यालादारी | | | | | | | | |
| जम्मा | | | | | | | | |

१७. आयोजना स्थलमा न्यूनतम पूर्वाधारको अवस्था : (चिनो लगाउने)

(क) भवन : आफ्नै/भाडाको घर (भाडाको भए कति वर्षको लागि)
(ख) गोदाम घर : आफ्नै/भाडाको घर (भाडाको भए कति वर्षको लागि)
(ग) सवारी साधन : आफ्नै/भाडाको (भाडाको भए कति वर्षको लागि)
(घ) जग्गा जमिन : आफ्नै जग्गा/भाडाको जग्गा (भाडाको भए कति वर्षको लागि)
(ङ) धारा/विजुली/सडक बाटो
(च) फर्निचर : दराज/कुर्ची/टेवल/अन्य
(छ) औजार : कुटो/कोदालो/आरा/बन्चरो/अन्य

१८. संस्थागत सुशासनको अवस्था :

(क) सञ्चालक समितिको बैठक नियमित बसेको छ/छैन ।
(ख) वार्षिक साधारण सभा नियमित बसेको छ/छैन ।
(ग) लेखा परीक्षण नियमित भएको छ/छैन ।
(घ) लेखा तथा सुपरीवेक्षण समितिको बैठक नियमित बसेको छ/छैन ।
(ङ) विषयगत संघ र राष्ट्रिय सहकारीमा आवद्द भएको छ/छैन ।
(च) योजना सञ्चालन सम्बन्धी कार्यविधि तयार गरेको छ/छैन ।
(छ) कर्मचारी सम्बन्धी नीति, कार्यविधि, नियमावली तयार भएको छ/छैन ।
(ज) संरक्षित पूँजी फिर्ता कोषको रकम नियमानुसार भएको छ/छैन ।
(झ) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन छ/छैन ।
(ञ) आवधिक योजना बनाएको छ/छैन ।

१९. उत्पादित वस्तुको बजारीकरण अवस्था :

(क) अन्तराष्ट्रिय बजारसम्मको पहुँच भएको छ वा छैन ।
(ख) राष्ट्रिय बजारसम्मको पहुँच भएको छ वा छैन ।
(ग) प्रादेशिक बजारसम्मको पहुँच भएको छ वा छैन ।
(घ) स्थानीय बजारसम्मको पहुँच भएको छ वा छैन ।

२०. सामुहिक व्यवस्थापनमा आयोजना सञ्चालन हुने हो वा होइन ।

२१. सामुहिक व्यवस्थापनामा आयोजना सञ्चालन हुने हो भने कसरी खुलाउने ................

२२. मुल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप हुने हो वा होइन ।

२३. मुल्य श्रृखलामा जाने हो भने कसरी जाने हो खुलाउने ....................

२४. बजारीकरण सम्बन्धी कार्ययोजना र बजार संयन्त्रसँगको सम्बन्ध बारेमा खुलाउने ।
..........................................................................................................
..........................................................................................................

२५. वातावरणीय सरोकार र प्रभावको बारेमा खुलाउने ..........................................

२६. अन्य कुनै कुरा भएमा खुलाउने ..................................................................

संस्थाको तर्फबाट :
आधिकारिक व्यक्तिको नाम, थर :
पद :
ठेगाना :
सम्पर्क नं. :

सहकरी संस्थाको
नाम :
ठेगाना :
संस्थाको छाप :
सम्पर्क नं. :
मिति :

अनुसूची ३
(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)
प्रारम्भिक छानविनको ढाँचा

| | | | |
|---|---|---|---|
| १. | संघ/संस्थाको नाम : ........................................................................................... | | |
| २. | ठेगाना : तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. : .... टोल : ................ | | |
| ३. | सूचनाको म्याद भित्र दरखास्त दर्ता | भएको | नभएको |
| ४. | सूचनामा तोकिएका सबै कागजात संलग्न | भएको | नभएको |
| ५. | पछिल्लो वार्षिक साधारण सभा समय मै | गरेको | नगरेको |
| ६. | पछिल्लो सञ्चालक समितिको निर्वाचन समय मै | गरेको | नगरेको |
| ७. | पछिल्लो लेखा सुपरिवेक्षण समितिको निर्वाचन समय मै | गरेको | नगरेको |
| ८. | पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन समय मै | गरेको | नगरेको |
| ९. | यसभन्दा अगाडि अनुदान प्राप्त | गरेको | नगरेको |
| १०. | प्राप्त गरेको भए सदुपयोग | गरेको | नगरेको |
| ११. | विनियमभन्दा बाहिर गई कारोवार सञ्चालन | गरेको | नगरेको |
| १२. | कर चुक्ता | भएको | नभएको |
| १३. | बिउपूँजी र पूँजीगत अनुदानको हकमा बचत तथा ऋणको मुख्य कारोबार गरेको/नगरेको | | |
| १४. | लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पेश भएको/नभएको । | | |
| १५. | कार्यालयले गरेको अनुगमनको क्रममा दिइएका सुझाव तथा निर्देशन पालना गरे/नगरेको | | |
| १६. | सहकारी संस्थाले कोपोमिस प्रणालीलाई प्रयोगमा ल्याएको/नल्याएको । | | |
| १७. | अन्य आवश्यक | | |
| १८. | | | |
| १९. | | | |

| जाँच गर्ने कर्मचारीको | प्रमाणित गर्ने कार्यालय प्रमुखको |
|---|---|
| नाम, थर : | नाम, थर : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| मिति : | मिति : |

अनुसूची ४

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क

अंक प्रदान गर्ने विधि :

| सि.नं. | आधार | प्राप्त अंक | पूर्णाङ्क |
|---|---|---|---|
| १. | सदस्य केन्द्रीयता | | |
| १.१ | खरिद बिक्रीमा सदस्य संलग्नता हालको अवस्था | १० | १० |
| क. | १०० प्रतिशतसम्म | १० | |
| ख. | ७५ प्रतिशतसम्म | ७.५ | |
| ग. | ५० प्रतिशतसम्म | ५ | |
| घ. | २५ प्रतिशतसम्म | २.५ | |
| १.२ | खरिद बिक्रीमा सदस्य संलग्नता आयोजनाको सञ्चालन पश्चात् | १० | १० |
| क. | १०० प्रतिशतसम्म | १० | |
| ख. | ७५ प्रतिशतसम्म | ७.५ | |
| ग. | ५० प्रतिशतसम्म | ५ | |
| घ. | २५ प्रतिशतसम्म | २.५ | |
| २ | रोजगारीको अवस्थाः प्रति एक लाख रुपैयाँ लगानीमा प्राप्त रोजगारी | १० | १० |
| क. | ५ जना | १० | |
| ख. | ४ जना | ८ | |
| ग. | ३ जना | ६ | |
| घ. | २ जनासम्म | ४ | |
| ३ | सदस्यमा समावेशिता | | |
| ३.१ | दलित / जनजाती तथा सिमान्तकृत समुदायको सदस्यता | १० | १० |
| क. | १०० प्रतिशतसम्म | १० | |
| ख. | ७५ प्रतिशतसम्म | ७.५ | |
| ग. | ५० प्रतिशतसम्म | ५ | |
| घ. | २५ प्रतिशतसम्म | २.५ | |
| ३.२ | दलित / जनजाती तथा सिमान्तकृत समुदायको समितिमा संलग्नता | ५ | ५ |
| क. | १०० प्रतिशतसम्म | ५ | |
| ख. | ७५ प्रतिशतसम्म | ४ | |
| ग. | ५० प्रतिशतसम्म | ३ | |
| घ. | २५ प्रतिशतसम्म | २ | |
| ३.३ | महिला सदस्यको सहभागिता | ५ | ५ |
| क. | १०० प्रतिशतसम्म | ५ | |
| ख. | ७५ प्रतिशतसम्म | ४ | |
| ग. | ५० प्रतिशतसम्म | ३ | |
| घ. | २५ प्रतिशतसम्म | २ | |
| ३.४ | सञ्चालन समितिमा महिलाको सहभागिता | ५ | ५ |
| क. | १०० प्रतिशतसम्म | ५ | |

| | | | |
|---|---|---|---|
| ख. | ७५ प्रतिशतसम्म | ४ | |
| ग. | ५० प्रतिशतसम्म | ३ | |
| घ. | २५ प्रतिशतसम्म | २ | |
| ४. | स्थिर सम्पत्तिको अवस्था | १० | १० |
| क. | जग्गा गोदाम भवन आफ्नै भएको | १० | |
| ख. | जग्गा गोदाम भवन ५ वर्षसम्मको लागि भाडामा लिएको | ७.५ | |
| ग. | जग्गा गोदाम भवन नभएको र भाडामा पनि नभएको | ५ | |
| ५ | सदस्यको पेशा र आयोजना बिचको सहसम्बन्ध | १० | १० |
| क. | १०० प्रतिशतसम्म | १० | |
| ख. | ७५ प्रतिशतसम्म | ८ | |
| ग. | ५० प्रतिशतसम्म | ६ | |
| घ. | २५ प्रतिशतसम्म | ४ | |
| ६ | सिर्जनशीलता: | २५ | २५ |
| क. | सामुहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| ख. | नयाँ प्रविधिको प्रयोग | ५ | |
| ग. | मुल्य श्रृखलामा माथिल्लो क्रियाकलाप | ५ | |
| घ. | वातावरण सरोकारको सम्बन्ध | ५ | |
| ङ. | बाह्य बजारको अवसर | ५ | |

द्रष्टव्य:

- पूर्ण रोजगारी भन्नाले वार्षिक २०८० घण्टाको काम सम्झनु पर्छ ।
- नवप्रवर्धन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन बढाउने गरी स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सृजनात्मक अवलम्बन सम्झनु पर्छ ।
- वातावरणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण प्रारङ्गिक खेती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव सम्झनु पर्छ ।
- वैदेशिक बजारीकरण भन्नाले उत्पादनको ५ प्रतिशतभन्दा बढी विदेश निर्यातलाई सम्झनु पर्छ ।

अनुसूची ५
(दफा १५ सँग सम्बन्धित)
आयोजना सम्झौता फारामको ढाँचा

१. सहकारी सम्बन्धी आयोजना सञ्चालन गर्ने संस्थाको विवरण :
(क) सहकारी संस्थाको नाम :
(ख) ठेगाना :
(ग) आवद्ध सदस्य संख्या : महिला: पुरुष : जम्मा :
(घ) दर्ता नं. : दर्ता मिति :
(ङ) शेयर पूँजी रकम : बचत वा निक्षेप रकम :
(च) जगेडा कोष रकम : (छ) अन्य प्राथमिक कोषको रकम :

२. आयोजना अन्तर्गत सञ्चालन हुने कार्यक्रमको विवरण :
(क) सहकारी खेती (ख) दुग्ध उद्योग सम्बन्धी
(ग) खाद्य तथा तेल उद्योग (घ) शित भण्डार निर्माण
(ङ) उपभोक्ता भण्डार सञ्चालन

३. आयोजनाको उद्देश्य :

४. आयोजना सञ्चालन हुने स्थान :

५. आयोजनाको सम्बन्धमा प्रकाशित सूचनाको विवरण :
(क) सूचना प्रकाशन मिति : (ख) अनुदानको प्रकार :
(ग) अनुदान उपलब्ध गराइने रकम :

६. सहकारी आयोजना सम्बन्धी विवरण :
(क) आयोजना शुरु हुने मिति : ......... (ख) आयोजना सम्पन्न हुने मिति : ..........

७. अनुदान उपलब्ध हुने विधि :
(क) बिउँपूँजी अनुदान (ख) पूँजीगत अनुदान
(ग) कार्यक्रम अनुदान (घ) वस्तुगत अनुदान (सामानको नाम उल्लेख गर्ने)
(ङ) समपुरक कोष

८. लागत तथा व्यहोर्ने श्रोत :
आयोजना कुल लागत रु. ................ (अक्षरमा : ..................................... )
नगरपालिकाबाट अनुदान रु. ................ (अक्षरमा : ..................................... )
सहकारी संस्थाले व्यहोर्ने रकम रु. ........ (अक्षरमा : ..................................... )
अन्य श्रोत प्राप्त हुने भएमा रु. ........ (अक्षरमा : ..................................... )

९. निकासा विधि : संस्थालाई अनुदान उपलब्ध गराउँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अनुसार हुनेछ । नगदै उपलब्ध गराउने भनी तोकिएकोमा संस्थाको बैंक खातामा पेश्की स्वरुप बढीमा ४० प्रतिशतसम्म नगदै उपलब्ध हुनेछ । बाँकी रकम कार्य सम्पन्न भएपश्चात् उपलब्ध हुनेछ ।

१०. सम्झौताका शर्तहरु :
(क) सम्झौतामा उल्लेख भएको म्याद भित्र सहकारी संस्थाले आयोजना सम्पन्न गरिसक्नु पर्नेछ ।
(ख) आयोजनाको अनुदान भुक्तानी सम्झौता बमोजिम हुनेछ ।
(ग) सार्वजनिक परीक्षण गर्ने मिति, समय र स्थान अग्रिम रुपमा सम्बन्धित सबै संस्थालाई/प्रतिनिधिलाई आमन्त्रण गरी आम्दानी तथा खर्चका विवरण सार्वजनिक गर्नु पर्दछ । अन्तिम किस्ता लिनु अघि सोभन्दा अगाडिको निकासा/खर्चको सार्वजनिक परीक्षण/सामुदायिक परीक्षण गर्नु पर्नेछ ।
(घ) योजनामा आवश्यक प्राविधिक सहयोग नगरपालिकाबाट उपलब्ध हुनेछ ।

(ङ) आयोजनासँग सम्बन्धित प्राप्त नगद/जिन्सी उपभोक्ता समितिले सम्बन्धित योजनामा मात्र खर्च गर्नु पर्नेछ ।

(च) प्राप्त नगद जिन्सीको दुरुपयोग, हिनामिना वा हानी नोक्सानी गरेमा प्रचलित नियम अनुसार कारबाही हुनेछ ।

(छ) आयोजना सम्झौताको लागि चाहिने आवश्यक कागजात यसैसाथ संलग्न गरिएको छ ।

(ज) उपभोक्ता समितिको पदाधिकारी मध्ये सम्झौताको आर्थिक कारोबार गर्ने व्यक्तिको नागरिकताको प्रतिलिपि संलग्न गर्ने पर्नेछ ।

(झ) आयोजनाको सार्वजनिक परीक्षण, सूचना पाटी, आम्दानी खर्चको सार्वजनिकीकरण तथा अन्य पारदर्शीता सम्बन्धी प्रावधानको पालना गर्नु पर्नेछ ।

(ञ) उपभोक्ता समितिको कुनै सदस्यले उपयुक्त बमोजिमको लापरवाही गरेको पाइएमा निजसँग रहेको पेश्की रकम तत्काल फिर्ता गर्नु पर्नेछ । फिर्ता नभएमा वा असुल हुन नसकेमा सरकारी बाँकी सरह उपर गरिने छ ।

(ट) आयोजना सम्पन्न भएपछि नगरपालिकाबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनु पर्दछ । साथै आयोजना हस्तान्तरण लिई आवश्यक मर्मत सम्भारको व्यवस्था सम्बन्धित संस्थाले नै गर्नु पर्नेछ ।

(ठ) अन्य समस्याहरुको सवालमा दुवै पक्षको बीचको छलफल गरी निष्कर्ष अनुसार हुनेछ ।

(ड) सम्झौता भएको मिति भित्रमा काम सम्पन्न गरिसक्नु पर्नेछ ।

(ढ) समय भित्र काम सम्पन्न नभई रकम फ्रिज भएमा कार्यालय जवाफदेही हुने छैन ।

(ण) यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर गर्दछौ ।

| सहकारी संस्थाको तर्फबाट : | नगरपालिका कार्यालयको तर्फबाट : |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम थर : | नाम, थर : |
| पद : | पद : |
| ठेगाना : | मिति : |
| मिति : | |

आयोजना सम्झौता तयार गर्नेको

नाम :

पद :

साक्षीहरु :

| सि.नं. | नाम | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

आज्ञाले

गंगालाल सुबेदी

प्रमुख प्रशासकीय अधिकृत